# सूचना र मानव अधिकार अनुसन्धान केन्द्र
**Information and Human Right Research Center (IHRC)**
**नेपालगन्ज -१०, बाँके**

# भ्रष्टाचार बिरुद्धको नीति २०७८
## (Anti-corruption Policy)

## खण्ड एक

### परिचय खण्ड

### १.१ कानूनी पृष्ठभुमि :

बिधिको शासन सञ्चालन गर्न हरेक देशले भ्रष्टचारबिरुद्धको शुन्य सहनशिलताको नीति अवलम्बन गरेको छ । कुनै पनि ब्यक्तिको कुनै काम गरिदिए वा गरिदिन्छु भनी नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ वा सुविधा लिएमा भ्रष्टचार निवारण ऐन २०५९ ले त्यसलाई भ्रष्टाचार भनि परिभाषित गरेको छ । सूचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC) संस्थाको नितिगत सुधार तथा कार्यन्वयनका लागि कर्मचारी, आर्थिक तथा प्रशासनिक नीति लगायत विभिन्न नीति तथा निर्देशिकाहरु तयार भई कार्यन्वयनमा आएको छ । ती सबै नीति र नियमावलीहरु कार्यान्वयन गर्नका लागि यो भ्रष्ट्राचार बिरुद्धको नीति २०७८ ले थप मद्धत पुग्ने अपेक्षा गरिएको छ ।

### १.२ भ्रष्टाचार नीति के हो ?

व्यक्तिगत इमान्दारिता भ्रष्टाचारविरुद्ध लड्ने निर्णायक औजार हो । संस्थाको वोर्ड पदाधिकारी, साधारण सदस्य, सल्लाहकार र कर्मचारीहरुको आ-आफ्नो विशिष्ट भूमिका र जिम्मेवारी हुन्छ । कामका अतिरिक्त उनीहरुसँग एउटा अर्को महत्वपूर्ण जिम्मेवारी पनि हुन्छ जसले इमान्दारिताको माध्यमद्धारा संस्थामा एक असल नजीर स्थापना गर्न मद्दत गर्दछ । त्यो भनेको संस्थाप्रतिको नैतिक तथा सदाचारिताको जिम्मेवारी हो । सामाजिक परिवर्तनका लागि काम गर्ने कुनै पनि संस्थाले आफ्नो संस्थामा नैतिक जिम्मेवारीको उच्चतम् नमूना प्रदर्शन गर्न र भ्रष्टाचारमा शून्य सहनशीलतालाई संस्थाको मार्गनिर्देशक सिद्धान्तका रुपमा स्थापना गर्न प्रतिवद्ध हुनुपर्दछ । अन्यथा संस्थाप्रति जनविश्वासमा क्रमिक रुपमा ह्रास आउँछ । यसैगरी सुशासनका लागि प्रतिवद्ध संस्थाहरुले शून्य सहनशीलताको सिद्धान्तलाई आफ्नो साझेदार संस्थामा पनि अवलम्बन भइरहेको सुनिश्चित गर्नुपर्दछ । त्यसकारण संस्थासंग आवद्ध प्रत्येक व्यक्ति तथा संस्थाले इमान्दारिताको उच्चतम आदर्शलाई आत्मसात र प्रदर्शन गर्नुपर्दछ ।

संस्थाको बिधान र नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न संस्थाका पदाधिकारी सदस्य र कर्मचारीहरुलाई जवाफदेही पारदर्शी मितब्ययी बनाउन संस्थाका हरेक क्रियाकलापहरुमा लागू गर्न तयार गरिएको दस्तावेज हो ।

### १.३ भ्रष्टाचार बिरुद्धको नीति किन ?

भ्रष्टाचार विरुद्धको नीतिको मुख्य उद्देश्य ब्यक्तिगत र संस्थागत इमान्दारिताको उच्चतम आदर्श अन्तरगत संस्थाद्वारा प्रतिपादित मूल्य मान्यता र व्यवहारलाई सहयोग र सुनिश्चित गर्ने रहेको छ । यस नीतिलाई संस्थाको कार्यसमिति र कर्मचारी अन्र्तगतका प्रत्येक व्यक्तिले संस्थागत कामको सिलसिलामा मात्र नभई आफ्नो ब्यक्तिगत जीवनमा पनि लागू गर्नुपर्दछ । भ्रष्टाचारलाई निरुत्साहित गर्न यो नीति अवलम्बन गरिनेछ ।

### १.४ भ्रष्टाचार के हो ?

(क) व्यक्तिगत तथा निजी लाभका लागि आफूलाई सुम्पिएको अख्तियारको दुरुपयोग गर्नु भ्रष्टाचार हो ।

(ख) अर्काको अधिकार तथा आफ्नो कर्तव्यसँग असंगत अथवा अनैतिक, अन्यायपूर्ण माध्यमहरुद्धारा फाइदा लिने र दिलाउने कार्य भ्रष्टाचार हो ।

(ग) संस्थाको आर्थिक तथा भौतिक सम्पत्ति ब्यक्तिको निजी प्रयोजनका लागि उपयोग गरी अनुचित लाभ तथा फाइदा लिनु भ्रष्टाचार हो ।

### १.५ भ्रष्टाचारको नकरात्मक असर :

भ्रष्टाचारले संस्थालाई हानी पुर्याउदछ । भ्रष्टाचार अन्यायपूर्ण हुन्छ र यसले शक्तिविहीनहरुलाई हानी पुयाउँछ । नैतिक मूल्य र मान्यतामा क्षति पुरयाउँछ । आर्थिक क्षति गर्दछ । सरकार, न्यायिक क्षेत्र र सार्वजनिक सेवाहरुको विश्वासमा ह्रास ल्याउँछ । संगठित अपराधलाई प्रोत्साहित गर्दछ र गैरकानुनी क्रियाकलापलाई बढाउँछ । असक्षम समाजको निर्माण गर्दछ । असुरक्षा र भय त्रासको वातावरण जन्माउँछ ।

### १.६ भ्रष्टाचारका किसिमहरु :

**यस भ्रष्टचारविरुद्धको नीतिमा देहायका कुराहरुलाई भ्रष्टाचारको रुपमा लिएको छ ।**

(क) घुस कुनै निजी स्वार्थका लागि लिइने बस्तु वा नगद ।

(ख) नातावाद : नातेदारहरु अथवा साथी संगीहरुलाई कृपा गर्ने ।

(ग) करकापसँग लिनु : अर्कालाई धम्क्याएर नगद, जिन्सी माल सामान अथवा सेवा लिने ।

(घ) सजिलो पारेर असुल्नु : कानुनीरुपमा निःशुल्क पाउने सेवाका लागि पनि काम सजिलो, छिटो, छरितो गरिदिने निहुँमा पैसा माग गर्नु ।

(ङ) छलछाम गरी जालसाँजी गर्नु ।

(च) साँठगाँठ : गैरकानूनी लाभका लागि दुई वा दुईभन्दा बढी व्यक्तिहरुको बीचमा गोप्य सहमति गर्नु ।

(छ) हिनामिना : अर्काको धन सम्पत्तीको हिनामिना गरी दुरुपयोग गर्नु ।

(ज) दुरुपयोगः अख्तियार (अधिकार)को दुरुपयोग गर्नु ।

(झ) सफा चटः गैरकानूनी रुपमा लिए/खाएको पैसालाई कानूनी रुप दिएर ढाकछोप गर्नु ।

## खण्ड दुइ

### २ कार्यान्वयनका रणनीतिहरु

संस्थागत विकास तथा नितिगत सुधार गरि राम्रो पद्धतीको विकासका लागि नीति, नियम निर्देशिकाको आवश्यकता पर्दछ । त्यस अनुरुप त्यसको पुर्ण कार्यान्वयन गर्नुपर्दछ । त्यस अनुसार यो भ्रष्टचार नीतिलाई पनि कार्यन्वयन गर्नुपर्दछ । यो नीतिलाई कुन कुन तहले कार्यान्वयन गर्ने भन्ने बारेमा तल उल्लेख गरिएको छ ।

### २.१ संस्थाको कार्यसमितिको तहमा

(क) संस्थाको कार्यसमितिले गर्ने निर्णय र बनाउने नीति, नियमावलीहरुमा ब्यक्तिको स्वार्थ नबाझिने गरी निर्णय गर्ने र कार्यान्वयन गर्ने गराउने छन ।

(ख) निर्णयहरु कार्यान्वयनका क्रममा अनुगमन गर्दा ब्यक्तिगत स्वार्थ नाताबाद नहेरी निश्पक्ष ढंगले गरिनेछ ।

### २.२ कर्मचारीहरुको छनौट तहमा

(क) संस्थामा कर्मचारीहरु छनौट गर्दा संस्थाको कर्मचारी नियमावलीको पुर्ण रुपले पालना गरिनेछ ।

(ख) कर्मचारी छनौट गर्दा खुल्ला बिज्ञापन गरेर स्वतन्त्र रुपमा योग्यता, सीप र दक्षताको आधारमा निति अनुसार छनौट गरिनेछ ।

(ग) आवेदकहरु कर्मचारी पदपुर्ति समितिको कोही नाता आफन्त भएमा त्यस्तो सदस्यको ठाउमा अर्को सदस्य राखेर लिखित वा प्रयोगात्मक परिक्षा लिइनेछ ।

## २.३ कार्यक्रम कार्यान्वयन तहमा

(क) संस्थाको उद्देश्य प्राप्तीका लागि सेवा वा बस्तु खरीद गर्दा वा बिभिन्न क्रियाकलापहरु संचालन गर्दा संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली अनुसार खरिद गरिनेछ ।

(ख) बस्तु वा सेवा खरीद गर्दा संस्थाको कार्यसमिति र कर्मचारीहरुबाट र निजहरुका उद्योग वा पसलबाट खरिद गरिने छैन । अन्य विकल्प नभएको अवस्थामा संस्थाको नीतिलाई कार्यन्वयन गरि खरिद गर्न अवरोध मानिने छैन ।

## २.४ स्वयंसेवकहरुको तहमा

(क) संस्थाको निश्चित उद्देश्यहरु प्राप्तीको लागि बिभिन्न कार्यक्रमहरु संचालन गर्न र संस्थाको कार्यालयमा स्वयंसेवकको रुपमा स्वयंसेवकको सेवा लिनु पर्ने हुन्छ । यस्ता सेवा लिनको लागि कार्यसमितिका पदाधिकारी तथा सदस्य तथा कर्मचारीहरुका परिवारका सदस्य वा आफन्त भएमा पनि सेवा गर्न दिइनेछ ।

(ख) स्वयंसेवकलाई कुनै समयमा कर्मचारीको रुपमा आवेदन दिन चाहेमा अन्य आवेदक सरह नै पदपुर्ति समितिले तय गरेका सबै मापदण्ड पुरा गरेर र संस्थाको कर्मचारी नियमावली अनुसार पदपुर्ति समितिले प्रक्रिया अघि बढाउने छ ।

## ३ भ्रष्टाचारविरुद्धको अभियानमा कार्यसमिति र कर्मचारी देहाय बमोजिम सचेत छौ ।

भ्रष्टाचारका बारेमा संस्थाका कार्यसमिति र कर्मचारीहरु सामान्य जानकार छौ । कार्यालय सहयोगीदेखी सरकारका मन्त्रीहरुसम्म, समाजका हरेक तहमा भ्रष्टाचार हुने गरेको बेला बेलामा हामीले सुन्ने गरेका छौं । भ्रष्टाचार अन्यायपूर्ण हुन्छ । यसले भय-त्रास जन्माउँदछ, समाजलाई अस्तव्यस्त बनाउँदछ र अपराधलाई प्रोत्साहित गर्दछ । यसमा भ्रष्टाचारको घटना रोकथाम गर्ने उपायका बारेमा विशेष ध्यान केन्द्रित गर्दछौ । व्यक्तिगत रुपले र संस्थाको हैसियतले हामी के गर्न सक्दछौं ? भ्रष्टाचार फेला परेको बेलामा के घटना घट्दछ ? त्यस विषयमा पनि छलफल गर्दछौं । संस्थाको कार्यसमिति र कर्मचारीहरुले अनुसूची १ मा दस्तखत गरी कार्यालयमा राखिनेछ ।

## ३.१ भ्रष्टाचार बिरुद्धको नीति कार्यान्वय

भ्रष्टाचारविरुद्ध एकताबद्ध भई अवाज उठाउने र शुन्य सहनशिलता स्थापित गर्ने । संस्थामा भ्रष्टाचार रोक्नका लागि देहायका कुराहरु अपनाइनेछ ।

**सकारात्मक वैचारिक गुणहरु :**

(क) इमान्दार बन्नु ।

(ख) आफ्नो शक्तिलाई आधिकारिक तथा न्यायोचित उद्देश्यका लागि मात्र प्रयोग गर्नु ।

(ग) सहकर्मी, संस्था र सेवाग्राहीप्रति वफादार बन्नु ।

(घ) कानूनको पालना : नागरिक कानून्, ऐन, नियम, बिनियम, संस्थाको बिधान र स्थानीय सरकारको आज्ञा वा आदेशको पालना र सम्मान गर्नु ।

(ङ) पारदर्शी बन्नु ।

(च) संस्थाभित्रका सबै पदाधिकारी र अधिकारप्राप्त सबैसँग जवाफदेही एवं विश्वसनीय बन्नु ।

(छ) सदाचारिता बन्नु ।

**३.२ संस्थाको सम्पत्तिको संरक्षण :**

संस्थाको सम्पत्ति उपयोग गर्न अनुमति प्राप्त कर्मचारीले त्यो सम्पत्ति संस्थाको कामका लागि मात्र उपयोग गर्ने सुनिश्चितता प्रदान गर्नुपर्दछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्न अथवा बिक्री गर्न मनाही गरिनेछ । संस्थाभित्र काम गर्ने वातावरण भ्रष्टाचार रोकथाम गर्ने खालको हुनु पर्दछ । यसका उदाहरणहरु यस प्रकार रहेका छन ।

(क) असल व्यवहारको सिद्धान्तको आधारमा बनाइएका देहाय बमोजिमका नीति र प्रक्रियाहरुलाई एकै साथ यथा स्थानमा राख्नु ।

(ख) भ्रष्टाचार विरुद्धको नीति र दस्तखत गरिएको आचार संहिता ।

(ग) भ्रष्टाचार रोकथामका लागि बनाइएका नियमहरु ।

(घ) पैसा खर्च गर्दा अपनाइएका विधी र प्रकृयाहरु, लिइएका निर्णयहरु एवं राखिएका हिसाब-किताब पारदर्शी हुनुपर्ने ।

(ङ) संस्थाले आफ्नो शक्ति सही तरिकाले प्रयोग गरेको छ भनी विश्वसनियता प्रदर्शन गर्ने ।

(च) आफूले गरेको राम्रो-नराम्रो कार्यको जिम्मेवारी लिने ।

(छ) उठेका प्रश्नहरुको जवाफ दिन तत्पर हुने, गरेको भुल स्वीकार गर्ने ।

### ३.३ पारदर्शिता

**आर्थिक नीतिहरु तथा प्रकृयाहरु :**

(क) बैंक चेकहरुमा हस्ताक्षर गर्ने र बैंकबाट रकमान्तर गर्न विशेष व्यक्तिहरु तोक्ने ।

(ख) जिम्मेवारी प्राप्त कर्मचारीले तयार गरेको बिल र गोश्वारा भौचरहरु प्रमाणित गर्नका लागि निश्चित व्यक्तिहरु तोक्ने ।

(ग) तथ्यांक समेतको नगदी पुस्तक र बहि खाता पद्धति तयार गर्ने र एकपटक लेखा कायम गरी सके पछि त्यसलाई परिवर्तन गर्न नसकिने तुल्याउने ।

(घ) नियमित रुपमा संस्थाको हिसाब किताबलाई अनुगमन र प्रमाणित गर्नको लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने ।

(ङ) राष्ट्रियस्तरमा दर्ता भएका अधिकार प्राप्त लेखापरीक्षकद्वारा संस्थाको हिसाब-किताबको वार्षिक लेखापरीक्षण गराउने ।

### ३.४ खरिद प्रकृयाहरु :

(क) संस्थाको माल-सामान खरिदका लागि जिम्मेवारी दिन समिति गठन गर्ने ।

(ख) सबैखाले खरिदको पारदर्शिता, कानून सम्मत र निरन्तरताको सुनिश्चितता गर्नका लागि खरिद समितिले खरिद प्रक्रिया परिभाषित गर्ने ।

(ग) परिभाषित प्रक्रिया पालना भए/नभएको निर्धारण गर्न खरिद समितिले अनुगमन गर्ने ।

## ४ भ्रष्टाचार विरुद्ध अभियान :

संस्थाले भ्रष्टाचार विरुद्ध अभियानमुखी विभिन्न क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन गरि नागरिक खबरदारी गर्ने । भ्रष्टाचार विरुद्ध आम नागरिकलाई सचेत बनाइ त्यसविरुद्ध खबरदारीका लागि एकबद्ध बनाउने ।

## ५ आचारसंहिताः

भ्रष्टाचारविरोधी नीतिलाई व्यवहारिक र परिणाममुखी बनाउने प्रमुख दस्तावेजः 'भ्रष्टाचारविरोधी आचारसंहिता हो । अनुसूचीमा संलग्न गरिएको भ्रष्टचारविरुद्धको आचार संहिता त्यस प्रकारको दस्तावेज हो । जुन कार्यसमिति र कर्मचारीले सदस्य भएको दिन र नियुक्ति पाएको दिन दस्तखत गरी कार्यालयमा राखिनेछ ।

अनुसूची -१

# सूचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC)
# नेपालगन्ज

**भ्रष्टाचारविरोधी आचारसंहिताको नमुना :**

(क) राष्ट्रिय ऐन-कानूनको हामी पालना गर्दछौं भन्ने कुरामा हामी सुनिश्चता दिन्छौं ।

(ख) नियुक्ति दिने व्यक्तिको लिखित अनुमतिबिना आफूले गरिदिएको काम बापत प्रत्यक्ष वा परोक्ष रुपमा कुनै लाभ माग्ने, स्वीकार्ने वा प्रदान गर्ने छैनौं भनी प्रतिज्ञा गर्दछौं ।

(ग) परम्परागत सत्कार अथवा एक पटकका लागि सानो-तिनो उपहार, जुन उपहारले दिनेप्रति अनुगृहित हुने स्थिति रहँदैन, त्यस बखत यो दफा लागु हुने छैन ।

(घ) व्यक्ति र संस्थाबीचको स्वार्थको वास्तविक र सम्भावित द्वन्द्वलाई हामी त्याग्दछौं ।

(ङ) यस्तो द्वन्द्वको कुनै घटना घटेमा हामीले जिम्मेवार आफु भन्दा माथिल्लो तहको पदाधिकार वा कर्मचारीलाई सिधै जाहेरी गर्दछौं ।

(च) संस्थाको आफ्नो पदीय दायित्वलाई निजी लाभ अथवा कूलकुटुम्ब, नातेदार, साथी-संगीहरुको पक्षमा अनूकुल हुने गरी दुरुपयोग गर्ने छैनौं ।

(छ) संस्थाको कुनै प्रकारका श्रोत, साधनहरु अथवा संस्थाको समय, औजार, पारवहन र संचार साधन, उपकरण, स्टेशनरी आदी सम्पत्तीको दुरुपयोग गर्ने छैनौं ।

(ज) सहकर्मीहरु अथवा अन्य व्यक्तिहरुले गरेको भ्रष्टाचारका घटना, खतरा वा अन्य विषयहरु जिम्मेवार सुपरिवेक्षकलाई जाहेरी गर्ने छौं ।

(झ) गैरकानूनी कामको उजुरी गर्ने उजुरीकर्ताको सुरक्षा र परिचयलाई व्यवस्थापकले रक्षा गर्नेछ ।

(ञ) हरेक व्यक्तिलाई समान र न्यायपूर्ण व्यवहार गर्ने छौं । लिङ्ग, छाला, रङ्ग, धर्म, संस्कृति, शिक्षा, जाति, वर्ण अथवा राष्ट्रियताको आधारमा विभेद गर्ने छैनौं ।

(ट) आर्थिक तथा अन्य श्रोत साधनको उपयोगमा पारदर्शिता, नैतिकता र जवाफदेहिताको सुनिश्चितता प्रदान गर्दछौं ।

(ठ) हाम्रो आचारसंहिता हाम्रा व्यवसायी साझेदारहरु र सहयोगीहरुसँग सार्वजनिक गर्दछौं र तिनीहरुबाट पनि यस संहिताको पालना हुने अपेक्षा राख्दछौं ।

(ड) हामीहरु यस आचारसंहिताप्रति प्रतिबद्धता व्यक्त गर्दछौं ।